**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख ४ गते**

इन्सेक जिल्ला प्रतिनिधिहरुले जनाएअनुसार कर्णाली प्रदेशका सबै जिल्लामा अति विपन्न र ज्याला मजदुरी गरेर खाने वर्गलाई राहत वितरण गर्ने कार्यलाई तिव्रता दिइएको छ । यसैगरी सबैजसो स्थानिय तहले भारत तथा तेस्रो मुलुक र अन्य जिल्लाबाट स्थानीय तहमा प्रवेश गरेका व्यक्तिहरुको कोरोना भाइरस पत्ता लगाउन द्रुत परीक्षण गरिरहेका छन् ।

यसै सन्दर्भमा मुगुको खत्याड गाउँपालिकामा भारतको गोरखपुरबाट चैत १ गते घर पुगेका एक जनामा कोरोना भाइरस पोजेटिभ भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी केशक ज्ञवालीले जानकारी दिनुभएको छ । यद्यपी स्वास्थ्य मन्त्रालयले यसबारे आधिकारीक धारणा सार्वजनिक गरेको छैन ।

यसैगरी रुकुममा पनि कोरोनाको आशंकामा दुईजनालाई वैशाख ३ गते मुसिकोट नगरपालिकाको एम्बुलेन्सबाट चौरजहारी मिसन अस्पतालमा पुऱ्याइएको छ ।

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** सरकारले लकडाउन घोषणा गर्नुभन्दा एक दिन अघि नै लकडाउन गरेको जुम्लामा लकडाउन उल्लंघन गर्ने र सवारी साधन संचालन अनुमति पत्र (पास) दुरुपयोग गर्नेलाई कारबाहि गरिएको छ । गत चैत १० देखि वैशाख ३ सम्म ४ सय ५६ सवारी साधनलाई प्रहरीले नियन्त्रण लिई कारवाही गरेको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनु भयो ।

बन्जाडेका अनुसार ४६ वटा चार पाङ्ग्रे, ३४ वटा तीन पाङ्ग्रे र ३ सय ७६ दुई पाङ्ग्रे मोटरसाइकल गरी जम्मा ४ सय ५६ वटा सवारी साधनलाई नियन्त्रणमा लिई कारवाही गरिएको हो ।

यसैबीच कोरोना भाइरस संक्रमण रोकथाम र निन्त्रणका लागि भइरहेको लकडाउनको अवस्था अनुगमन तथा समस्या सहजीकरण गर्ने उद्देश्यले जिल्ला स्तरीय मानवअधिकार अवस्था अनुगमन समिति गठन गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग मार्फत केन्द्र, प्रदेश र जिल्लामा समिति बनाई काम गर्नुपर्ने निर्देशिका अनुसार बुधबार जुम्लामा गैरसरकारी संस्था महासंघ जुम्लाका अध्यक्ष अमर रोकायाको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको हो ।

समितिका सदस्यहरुमा नेपाल पत्रकार महासंघ जुम्लाबाट नेत्रबहादुर शाही, उच्च बार एशोसियसन जुम्लाका अध्यक्ष देवि सेजुवाल, राष्ट्रिय मानव अधिकार आयोग जुम्लाका नरेन्द्र खत्री, इन्सेक जिल्ला प्रतिनिधि मानदत्त रावल र अपाङ्ग पुनस्थापन तथा विकास केन्द्र जुम्लाका अध्यक्ष नन्दराज धिताल रहनुभएको छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** शारदा नगरपालिका-२ मेलघारीमा रहेका ३० विपन्न परिवारले लकडाउनको समयमा राहत नपाएको गुनासो गरेका छन् ।

मेलघारी टोल बिकास समितीका अध्यक्ष टोपेन्द्र कुमार वलीले आफ्नो टोलका विपन्न परिवारले राहत नपाएको बताउनुभयो । जनप्रतिनिधिको आग्रहमा मेलघारी, नयाँवस्ती, टुनीचौर, स्यानी पधैँरी लगाएतका वस्तीका विपन्न ३० घरपरिवारको नामावली तयार पापनि नगरपालिकाले राहत नदिएको उहाँको गुनासो छ ।

नगर प्रमुख सुरेश अधिकारीले पाउनुपर्ने विपन्न परिवारले राहत पाएको बताउनुभयो । वडा अध्यक्षको सिफारिसमा नगरपालिकाले राहत वितरण गरेको बताउदैं उहाँले वडा अध्यक्षहरु बीचको होडवाजीका

कारण समस्या भएको जिकिर गर्नुभयो । अहिले नगरपालिकामा खाद्य सामग्री नभएको र बिभिन्न निकायहरुबाट राहत संकलन भएपछि वितरण गरिने नगरपालिकाले जनाएको छ ।
यसैगरी चैत १ गते यता भारत सहित तेस्रो मुलकबाट आएका सबैको आरडिटि किटद्धारा प्रारम्भिक जाँच शुरु भएको छ ।
वैशाख ४ गते देखि ४ दिनसम्म जिल्लाको सबै स्थानिय तहमा गएर र्‍यापीड टेष्ट गर्न लागिएको स्वास्थ्य सेवा कार्यालय सल्यानले जनाएको छ । जिल्ला प्रशासन कार्यालय सल्यानमा हाल सम्म ७ सय ८२ जना भारत सहितका विभिन्न मुलुकबाट फर्किएको तथ्याङ्क छ । यसअघि सल्यानमा १७ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको थियो ।
**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** चैत २१ गते देखि वैशाखको ४ गतेसम्म बाहिरबाट जिल्लामा आएका ६८ जनाको द्रुत परीक्षण सुरु भएको छ ।
परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका निमित्त कार्यालय प्रमुख प्रेमबहादुर सिंहले बताउनु भयो । सिंहका अनुसार सिमकोटमा २९ जना, नाम्खामा २५ जना, ताजाकोटमा ८ जना र अदानचुली गाउँपालिकामा ६ जना गरि ६८ जनाको परीक्षण गरिएको हो ।
जिल्लाका ७ वटै गाउँपालिकामा द्रुत परीक्षणका लागि स्वास्थ्य सेवा कार्यालयबाट स्वास्थ्यकर्मी खटाइएका छन ।
यस्तै नेपालगञ्जमा रहेका हुम्लाका ९० जना बालबालिकालाई उद्धार गरिएको छैन । काठमाण्डौं लगायत अन्य जिल्लामा अध्ययनरत बालबालिका नेपालगञ्जमा अलपत्र परेको भन्दै अभिभावकले ३ पटक जिल्ला प्रशासन कार्यालय हुम्लामा उद्धारका लागि ज्ञापनपत्र बुझाए पनि त्यसको सुनुवाई नभएको अभिभावक निमा लामाले गुनासो गर्नु भयो । कर्णाली प्रदेश सरकारले केहि दिन भित्र उद्धार गर्न लागेको प्रमुख जिल्ला अधिकारी विनिता भट्टाराईले जानकारी दिनुभयो ।
यसैबीच नेपाल कम्युनिष्ट पार्टी हुम्लाले वैशाख ४ गते जिल्ला इन्चार्ज विजय भण्डारीको संयोजकत्वमा ७ सदस्यीय 'क्वीक रेस्पोन्स टाक्स फोर्स टिम' गठन गरेको छ । नेकपा जिल्ला अध्यक्ष लालकेश जैशी, सचिव दल रावल, प्रदेश कमिटि सदस्य लोकबहादुर हमाल, कार्यालय सचिव कमल बोहरा, जिल्ला कमिटि सचिवालय सदस्य चन्द्रसिंह कार्की सहितको टिम निर्माण गरिएको इर्न्चाज भण्डारीले बताउनु भयो ।
भण्डारीका अनुसार उक्त टिमले खाद्यान्न आपूर्ति र औषधी व्यवस्थापनलाई कमि नहुन दिन संघ प्रदेश सरकारसँग पहल गर्ने, अध्ययन तथा रोजगारीको शिलशिलामा काठमाडौ, नेपालगञ्ज सुर्खेत जस्ता शहरमा रहेका हुम्लीवासीलाई संकट परेका बेला आवश्यक सहयोग गर्नेछ ।
समन्वयका लागि काठमाडौमा पूर्व साँसद छिमिदोर्जी लामा, नेपालगञ्जमा संयोजक रणसिह परियार र सुर्खेतमा कार्चेन लामा लगायतलाई जिम्मा दिइएको नेकपा हुम्लाले जनाएको छ ।
**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोना भाइरस संक्रमणको आशंका गरिएका दुवैजना व्यक्तिको शंकास्पद रिपोर्ट आएपछि वैशाख ३ गते मुसिकोट नगरपालिकाको एम्बुलेन्सबाट चौरजहारी मिसन अस्पतालमा पुर्‍याएको छ । उनीहरुलाई आइसोलेसन वार्डमा राखिएको अस्पतालका प्रशासक डिलबहादुर गिरीले जानकारी दिनुभयो ।
०७६ चैत १० गते भारतबाट गाउँ फर्किएका बाँफीकोट गाउँपालिका वडा नम्बर ६ र ७ का उनीहरुको ०७७ वैशाख ३ गते पीसीआर परीक्षणमा नतिजा शंकास्पद देखिएपछि अस्पताल लगिएको हो । दुवैजना व्यक्तिको स्वाब संकलन गरेर कोरोना परीक्षणका लागि काठमाण्डौ पठाइएको छ ।
पीसीआर पोजेटिभ देखिएका परिवारका सदस्य र वडाका अन्य व्यक्तिहरुको द्रुत परीक्षण गर्त स्वाब संकलनको लागि कर्णाली प्रदेश अस्पताल सुर्खेतबाट ३ जना र जिल्ला अस्पताल सल्लेबाट ३ जना गरी

६ जना स्वास्थ्यकर्मीहरुको टोली वैशाख ३ गते बाँफीकोट गाँउपालिकाको ६ र ७ नम्बर वडामा गएको जिल्ला अस्पताल सल्लेका कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले बताउनुभयो । उक्त टोलीले वैशाख ३ गतेदेखि नै परीक्षणको काम सुरु गरिसकेको उहाँले जानकारी दिनुभयो ।
यसैबीच मुसिकोट नगरपालिका ४ र ५ नम्बर वडाले वैशाख ३ गते ९२ विपन्न घरपरिवारलाई खाद्य सामग्री वितरण गरेको छ ।
**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** जाजरकोटको विभिन्न स्थानीय तहमा गरिएको द्रुत परीक्षण बाट २ सय ३ जनाको कोरोना रिपोर्ट नेगेटिभ आएको छ । बारेकोट र जुनिचाँदे गाउँपालिकामा गरिएको  परीक्षणको काम सकिएको निमित्त स्वास्थ्यप्रमुख टिकाराम जैसीले जानकारी दिनु भयो ।
यस्तै कोरोनाको जस्तै लक्ष्यण देखिएका जाजरकोटका एक ६० बर्षिय पुरुषको कोरोना परीक्षण नेगेटिभ देखिएको छ । होमक्वारेन्टाइनमा रहेका छेडागाड नगरपालिका-४ का जेष्ठनागरिकलाई १ सय २ दशमलव ५ डिग्री तापक्रमको ज्वरो र खोकी लागेपछि जिल्ला अस्पतालबाट गएको टोलीले द्रुत परिक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको हो । थप परीक्षणका लागि उनको स्वाब सुर्खेत पठाइनेछ ।
यसैगरी बारेकोट गाँउपालिकाले लकडाउनमा समस्या परेका अति विपन्न र मजदुरलाई राहतको रुपमा स्थानीय स्तरमै उत्पादित मकै दिने निर्णय गरेको छ ।
गाँउमै रहेको मकै किनेर प्रतिपरिवार ५ पाथीका दरले उपलब्ध गराइने गाँउपालिका अध्यक्ष महेन्द्र शाहले बताउनु भयो । निर्णय अनुसार विपद व्यवस्थापन कोषबाट खाद्यान्न व्यवस्थापनका लागि प्रति वडा डेढ लाखका दरले रकम उपलब्ध गराइने छ । वडाले सम्बन्धित वडा वा अर्को वडाबाट मकै किनेर विपन्न तथा मजदुरलाई पाँचजना सम्मको परिवारका लागि प्रति परिवार ५ पाथी मकै, आधा लिटर तेल र एक किलो नुन उपलब्ध गरानेछ । कम्तिमा एक महिनाका लागि पुग्ने गरि करीव साढे आठ सय परिवारलाई खाद्यान्न दिन वडा समितिलाई जिम्मा दिइएको अध्यक्ष शाहले बताउनु भयो । 'त्यसको लागि पहिलो चरणमा करीव ३ सय क्वीन्टल मकै आवश्यक पर्छ । जुन गाँउपालिकामै मौज्दात रहेको छ' शाहले भन्नु भयो ।
खाद्य डिपोमा हुने भिडभाडलाई निस्तेज गर्न गाँउपालिकाले खाद्य संस्थानबाट चामल वितरण गर्न वडा अनुसारको तालिका सार्वजनिक गरेको छ । वडा अध्यक्ष वा निजले तोकेको सदस्यको सिफारिसमा आइतबार वडा नम्बर १, सोमबार वडा नम्बर २ र ३ मंगलबार वडा नम्बर ४, बुधबार वडा नम्बर ५ र ६, विहिबार वडा नम्बर ७ र ८ तथा शुक्रवार वडा नम्बर ९ लाई वितरण गर्ने निर्णय समेत गरिएको छ ।
**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** डोल्पाका स्थानीय तहहरुले विपन्न तथा मजदुरलाई राहत वितरण शुरु गरेका छन ।
ठुलीभेरी नगरपालिका-६ का १ सय ३० विपन्न घरपरिवारलाई प्रति परिवार ३० किलो चामल, एक लिटर तेल र दुई पोका नून वितरण गरिएको वडा अध्यक्ष धर्मलाल बुढाले बताउनु भयो । राहत वितरण तथा व्यवस्थापन कार्यविधि अनुसार ११ ओटै वडामा राहत वितरण शुरु गरिएको नगरपालिकाले जनाएको छ ।
त्यसैगरी काइके गाउँपालिकाले पनि ६ सय दलित परिवारलाई २५ किलो चामल, साबुन, सेनिटाइजर वितरण गरिएको प्रमुख प्रशासकिय अधिकृत सम्झना अधिकारीले बताउनु भयो । साथै काइके गाउँपालिका घरभइ काठमाण्डौमा अध्ययन गरिरहेका ३ सय बालबालिकालाई लकडाउनको समयमा उद्धार गरेर ल्याउन प्रति विद्यार्थी ६ हजारका दरले खर्च व्यवस्थापन गरेको छ । यसैगरी दुनैस्थित

सरस्वती मावि क्वारेन्टाइनमा बसेका ७ जनालाई १४ दिन सम्म बस्दाको सम्पुर्ण खर्च गाउँपालिकाले व्यहोरेको पनि अधिकारीले जानकारी दिनु भयो ।

जगदुलला गाउँपालिका र मुड्केचुला गाउँपालिकाले समेत राहत वितरणको काम शुरु गरेका छन । खाद्यान्न, नुन, तेल, दाल र साबुन वितरणका प्राथमिकता हुन ।

यता त्रिपुरासुन्दरी नगरपालिकाले भने विपन्न र मजदुरको तथ्याङ्क संलन गरिरहेको नगरप्रमुख ओमबहादुर बुढाले बताउनु भयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** क्वारेण्टाइनमा नबसी सोझै घर पुग्ने गरी पैदल हिंडेकाहरुलाई रोक्ने जिल्ला सुरक्षा समितिको निर्णयबाट स्थानीय प्रशासन पछि हटेको छ । एक दिन अघि गरिएको निर्णय अव्यवहारिक भएपछि वैशाख ४ गते नै पैदल यात्रीहरुलाई हिंड्न खुला गरिएको हो ।

यातायात बन्द भएको र बाटोमा खान बस्न समस्या भोगेर आएकाहरुलाई पैदल हिंड्न रोक्नु अमानवीय भएकोले निर्णयबाट पछि हटेको दैलेख प्रमुख जिल्ला अधिकारी युवराज कटेलले बताउनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** वैशाख ४ गते जिल्लाको नरहरीनाथ गाउँपालिकामा ४ सय ८० विपन्न तथा मजदुरलाई नगद राहत रकम वितरण गरिएको छ ।

प्लान इन्टरनेश्नल नेपालको सहयोगमा ९ वटै वडाका ४ सय ८० परिवारलाई प्रति परिवार २ हजार ७ सय ३० रुपैंया गरि १३ लाख १० हजार ४ सय वितरण गरिएको गाउँपालिका अध्यक्ष धिरवहादुर विष्टले बताउनुभयो ।

यस्तै वैशाख ४ गते रास्कोट नगरपालिका, पचाल झरना र पलाता गाउँपालिका आरडिटी गरिएको भएपनि रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले बताउनु भएको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** खत्याड गाँउपालिकामा गरिएको द्रुत परिक्षणका क्रममा एक जनामा कोरोना भाइरस पोजेटिभ भेटिएको छ ।

वैशाख ४ गते सम्म ९० जनाको द्रुत परिक्षण गरिएको मध्ये भारतको गोरखपुरबाट चैत १ गते घर पुगेका खत्याड गाँउपालिका निवासी एक जनामा पोजेटिभ भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी केशक ज्ञवालीले जानकारी दिनुभएको छ ।

वैशाख ४ गते सम्म सोरु गाँउपालिकामा १३, खत्याड गाँउपालिकामा ५५, छायाँनाथ रारा नगरपालिकामा २२ जना गरी ९० जनाको परीक्षण गरिएको थियो ।

जसमध्य खत्याड गाँउपालिकाको श्रीकोट स्वास्थ्य चौकीमा वैशाख ४ गते परिक्षण गर्दा एक जनाको रिपोट पोजेटिभ आएपछि पिसिआर परिक्षणका लागि ति व्यक्तिको स्वाब सुर्खेत पठाउने तयारी भैरहेको जिल्ला स्वास्थ्य सेवा कार्यालय मुगुका प्रमुख डाक्टर निर्मल नगरकोटीले जानकारी दिनुभयो ।

डाक्टर नगरकोटीका अनुसार हाल ति व्यक्तिलाई आइसोलेसनमा राखिएको छ भने उनको परिवारको समेत द्रुत परिक्षण गरिने छ ।

उहाँका अनुसार जिल्लामा प्राप्त १ सय ४० किड मध्य ९० वटा प्रयोग भैसकेको र ५० वटा मात्र बाँकी रहेका छन । जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार भारत तथा अन्य मुलुकबाट १ सय ६० जना जिल्लामा भित्रिएका छन ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** सुर्खेतमा खाद्यान्न, दूध, ग्यास, तरकारी आदिको पसल बिहान ७ देखि ९ बजे र दिउँसो १ देखि ३ बजेसम्म खुल्दै आएकोमा वैशाख ५ देखि भने दिउँसो एकपटक मात्र पसल खुल्ला रहने स्थानीय प्रशासनले जनाएको छ ।

लकडाउनलाई प्रभावकारी बनाउन जिल्ला प्रशासन कार्यालय सुर्खेतले उद्योग वाणिज्य संघ सुर्खेतसँग छलफल गरेपछि यस्तो निर्णय गरिएको संघका महासचिव लक्ष्मण कँडेलले बताउनु भयो ।
जिल्ला प्रशासन कार्यालयले बिहीवार गरेको निर्देशनपछि उद्योग वाणिज्य संघ सुर्खेतले उपभोक्ताबीच कम्तीमा तीन फिटको दुरी कायम गर्न र दिनमा एकपटक मात्र अत्यावश्यक वस्तु खरिद बिक्री गर्न व्यवसायीलाई आग्रह गरिएको महासचिव कँडेलले जानकारी दिनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**